Regd. No.: 91423/068/069

# अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेड
## Upper Hewakhola Hydropower Company Limited
Anamnagar, Kathmandu, Nepal

मिति २०८१/११/८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, काठमाण्डौ,
नेपाल

**विषय : कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८१/११/०७ गते बुधवारका दिन बसेको सञ्चालक समितिको वैठकको निर्णय अनसार कम्पनीको १:१ अनुपातको हकप्रद शेयर सार्वजनिक निश्कासन गर्न पूर्व स्वीकृतिका लागि विद्युत नियमन आयोगमा निवेदन दिने निर्णय गरेको बेहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

**बोधार्थ :**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर
२. श्री बिद्युत बिकास विभाग, सानो गौचर काठमाण्डौ
३. श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ
४. श्री सिडिएस एण्ड क्लियरीङ लि. पुतली सडक काठमाण्डौ
५. श्री एन.एम.वी.क्यापीटल लि. बालुवाटार काठमाण्डौ ।

**भवदीय**

..................
निशा के.सी.
(प्रवन्ध सचालक)

# अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको
# सञ्चालक समितिको
# बैठक

मिति : २०८१/११/०७

अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडको सञ्चालक समितिको बैठक सञ्चालक समितिका अध्यक्ष श्री चिफबहादुर थापाको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बस्यो । यस बैठकमा भएको उपस्थिति, छलफलका विषयहरु र बैठकबाट भएका निर्णयहरु निम्न अनुसार रहेका छन ।

**मिति** : २०८१/११/०७ गते, बुधबार

**समय** : अपरान्ह : ३.३० बजे

**स्थान** : कम्पनीको प्रधान कार्यालय, अनामनगर काठमाण्डौ ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. श्री चिफबहादुर थापा | - | अध्यक्ष |
| २. श्री निशा के.सी. | - | प्रबन्ध सञ्चालक |
| ३. श्री रोशनी पौड्याल | - | सञ्चालक |
| ४. श्री दिपक सापकोटा | - | सञ्चालक |
| ५. श्री भुवनेश्वर अधिकारी खत्री | - | सञ्चालक |
| ६. श्री इन्द्रप्रसाद लामिछाने | - | सञ्चालक |
| ७. श्री शेरबहादुर कार्की | - | स्वतन्त्र सञ्चालक |

**छलफलको विषय** :

१. कम्पनीको हकप्रद शेयर सार्वजनिक निश्कासन गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १**

कम्पनीका अध्यक्ष श्री चिफबहादुर थापाले, मातृभूमी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि.ले बिकास गरेको १५ मेगावाट क्षमताको सिसुवा खोला जलविद्युत आयोजनामा लगानी गर्ने तथा अपर हेवाखोला साना जलविद्युत आयोजना (८.५ मे.वा) को निर्माण गर्दा बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको रिण घटाउने उद्देश्यका लागि कम्पनीको चुक्ता पुँजी रु.५० करोडको १:१ अनुपातको हकप्रद शेयर निश्कासन गर्न चाहेको र त्यसका लागि प्रक्रिया अघि बढाउन सञ्चालक समितिको निर्णय आवस्यक पर्ने भएकोले उपरोक्त प्रस्ताव बैठक समक्ष पेस गरिएको जानकारी गराउनु भयो ।

प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा १५ मेगावाट क्षमताको सिसुवा खोला जलविद्युत आयोजनामा लगानी गर्ने सम्बन्धी विशेष प्रस्ताव कम्पनीको तेह्रौं वार्षिक साधारण सभाबाट पारित भई सकेको र अपर हेवाखोला साना जलविद्युत आयोजना (८.५ मे.वा) को निर्माण गर्दा बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको रिण घटाउनु उपयुक्त हुने देखिएकोले त्यसका लागि आवस्यक रकम ब्यवस्थापन गर्न कम्पनीको चुक्ता पुँजी रु.५० करोडको १:१ अनुपातको हकप्रद शेयर सार्वजनिक निश्कासन गर्न पूर्व स्वस्कृतिका लागि श्री विद्युत नियमन आयोग समक्ष निवेदन गर्ने  निर्णय भयो ।

बैठकमा छलफल गर्नका लागि अन्य विषय बाँकी नभएकोले अध्यक्षज्यूबाट सबै संचालकहरुलाई धन्यवाद दिदै बैठक समाप्त भएको जानकारी गराउनु भयो ।